

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २५७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असोज १४ गते शुक्रबार ❑ 30 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## सातै प्रदेशका उपाध्यक्षको भेलाको निश्कर्षसहितको प्रतिवेदन

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ असोज**

सातै प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्षहरुको भेलाबाट पारित निश्कर्षसहितको प्रतिवेदन बिहीबार असोज १३ गते बिहीबार बुधबार गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई हस्तान्तरण गरिएको छ ।

भदौ ५ र ६ गते पोखरामा भएको भेलाबाट पारित प्रदेशको विकास समीक्षा तथा भावी कार्यदिशा र प्रदेश नीति तथा योजना आयोगहरुको क्षमता विकासका लागि तर्जुमा गर्नुपर्ने कानुनहरुको मस्यौदा सहितको विवरण नीति तथा योजना आयोग गण्डकीका उपाध्यक्ष डा. रघुराज काफ्लेले मुख्यमन्त्री पोखरेललाई हस्तान्तरण गरेका हुन् ।

प्रतिवेदन ग्रहण गर्दै मुख्यमन्त्री पोखरेलले ६ दसकभन्दा लामो इतिहास बोकेको राष्ट्रिय योजना आयोग समेत गठनादेशबाट चल्दै आउनु विडम्बनापूर्ण रहेको बताए । केन्द्र र प्रदेशका योजना आयोगहरुलाई अझ सशक्त बनाउनका लागि यो भेलाले महत्वपूर्ण निर्णयहरु गरेको उनको भनाइ थियो । भेलामा भएका निर्णय कार्यान्वयनका लागि आफूले सक्दो भूमिका निर्वाह गर्ने प्रतिबद्धता मुख्यमन्त्री



पोखरेलले जनाए। प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. काफ्लेले प्रदेशका आयोगलाई सशक्त र प्रभावकारी बनाउनका लागि ऐन बनाएर ल्याउन जरुरी रहेको बताए । त्यसैका लागि भेलाले गरेको मार्गनिर्देशन अनुसार प्रदेश नीति तथा योजना आयोग ऐनको मस्यौदा तयार पारिएको जानकारी दिए। यसैगरी प्रदेश तथ्यांक व्ययवस्थापन ऐन, प्रदेश आयोजना बैंक निर्माण सम्बन्धी मापदण्ड, प्रदेश आयोजना बैंक दिग्दर्शन, प्रदेश योजना अनुगमन तथा मूल्यांकन ऐनको मस्यौदा समेत उपाध्यक्ष डा. काफ्लेले मुख्यमन्त्री पोखरेललाई हस्तान्तरण गरेका छन् । नीति तथा योजना आयोगका लागि आवश्यक जनशक्तिको प्रक्षेपण गरी त्यसै अनुसार तयार पारिएको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन समेत उक्त अवसरमा हस्तान्तरण गरिएको छ । अन्य प्रदेशमा समेत नीति तथा योजना आयोगका उपाध्यक्षहरुले आजै प्रतिवेदन मुख्यमन्त्रीलाई हस्तान्तरण गरेका छन् ।

भेलाले संघ, प्रदेश र स्थानीय तहबीच पर्याप्त समन्वय हुनुपर्ने, संविधान तथा कानुनले व्यवस्था गरेका परिषद तथा समितिहरुको नियमित बैठक बसी आवश्यक निर्णय लिने परिपाटी बसाल्नुपर्ने निश्कर्ष निकालेको थियो ।

यसैगरी पर्याप्त गृहकार्य गरिएका, आवश्यक कागजात तयार भएका, आर्थिक तथा प्राविधिक दृष्टिकोणबाट विश्लेषण भएका आयोजनाहरु मात्र कार्यान्वयनमा लैजानका लागि आयोजना बैंक दिग्दर्शन बनाइ कार्यान्वियमा लैजाने निर्णय भेलामा भएको थियो । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेलसमेत उपस्थित भेलाले नतिजामूलक अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्ने निर्णय गरेको थियो । आवधिक योजनाको दीर्घकालीन सोच, दिगो विकासका लक्ष्य, मध्यमकालीन संरचनालाई वार्षिक बजेट तथा कार्यक्रमसँग अन्तरसम्बन्ध कायम गर्ने, बजेट ट्र्याकिङ गर्ने प्रणाली मार्फत् तथ्यपरक अन्तरसम्बन्ध कायम गर्ने निर्णय समेत उक्त भेलामा भएको गण्डकीका उपाध्यक्ष डा. काफ्लेले बताए ।

ठूला, प्रदेश गौरवका तथा बहुवर्षे योजनाका लाथि पर्याप्त बजेट व्यवस्था गर्ने परिपाटी बसाल्ने, यस्ता योजना समयमै सम्पन्न गर्न अलग्गै संयन्त्र विकास गर्ने निर्णय भएको छ । प्रदेशमा एकीकृत तथ्यांक प्रणाली विकास गर्ने, प्रदेश नीति तथा योजना आयोग मातहत रहने गरी तथ्यांक महाशाखा वा तथ्यांक कार्यालय स्थापना गर्ने, स्थानीय तहहरुका पनि सान्दर्भिक सूचना प्रदेशमा संकलित हुने व्यवस्था मिलाउने निर्णयका साथ भदौ ६ गते भेला सम्पन्न भएको थियो ।

प्रतिवेदन हस्तान्तरण कार्यक्रममा मुख्यमन्त्रीका राजनीतिका सल्लाहकार खड्गबहादुर कमाल, मुख्य न्यायाधिवक्ता रोहितराज बास्तोला, योजना आयोगका उपाध्यक्षद्वय डा. सुवाश अधिकारी र माया तिम्सिना, निमित्त सचिव डिल्लीराम सिग्देल लगायत सहभागी थिए ।

## 'पर्यटकीय गन्तव्यलाई कलामार्फत विश्वमाझ पुर्‍याउनु जरुरी'

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ असोज**

फेवातालको किनार ड्यामसाइडस्थित नेपाल पर्यटन बोर्डको कार्यालय परिसरभित्र लस्कै कला सजाएर राखिएका छन् । पोखराको पर्यटनको मुख्य याम सुरु भइसकेका कारण त्यहाँ रहेको बोर्डको कार्यालय तथा अध्यागमन कार्यालयमा यतिखेर चहलपहल बढिरहेको छ।

विभिन्न कामसहित त्यहाँ कार्यालयमा पुग्ने अधिकांशतः विदेशी पर्यटकको ध्यान त्यहाँ प्रदर्शनमा राखिएका कलाले आकर्षित गरेको छ । कलाका क्षेत्रमा पानी रङ्गको सहरका रूपमा पहिचान बनाएको पोखरामा विश्व पर्यटन दिवसका अवसरमा अप्टिमिष्ट क्लब अफ लेखनाथको आयोजना एवं नेपाल पर्यटन बोर्डको प्रवर्द्धन र नगेन आर्ट एकेडेमीको सहकार्यमा कलाकार नगेन सिंहको एकल कला प्रदर्शनी गरिएको हो । उक्त प्रदर्शनीमा कलाकार सिंहले तयार गरेका जीवन जगतका विभिन्न यथार्थता झल्किएका कला राखिएका छन् ।

सिंहको उक्त बाह्रौँ एकल कला प्रदर्शनीमा हिमालदेखि तराईसम्मका विभिन्न कलामा पानी रङ्गको प्रयोगदेखि अल्कोहल कलर, एक्लोरिक कलर आदिको प्रयोग गरिएको छ । प्रदर्शनीमा हिमाली, पहाडी तथा तराईका मनोरम भूभाग, खोलानालादेखि पशुवस्तुका



चित्र कोरिएका छन् । प्रदर्शनीमा राखिएका हिमाली तथा पहाडी बस्तीसँगै अमूर्त कलाले पनि त्यहाँ पुग्ने जोकोहीको मन लोभ्याएको छ।

'रिथिङकिङ टुरिजम आर्ट एक्जिबिसन' नाम दिइएको कला प्रदर्शनीमा विभिन्न ३३ कला प्रदर्शनमा राखिएको कलाकार नगेन सिंहले बताउनुहुन्छ।

"प्रदर्शनीमा नेपाली जीवन जगतका यथार्थता, प्रकृति, संस्कृति आदिलाई समेटिएका कला राखिएका छन्", उहाँ भन्नुहुन्छ,"नेपालका हरेक पर्यटकीय गन्तव्यलाई कलामार्फत विश्वमाझ पुर्‍याउनु जरुरी छ, प्रदर्शनीमार्फत पोखरासहित समग्र नेपालको पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने विश्वास लिएको छु ।"कोरोना प्रभावित पर्यटनको पुर्नरुत्थानमा कलाकर्मीको पनि महत्वपूर्ण भूमिका हुने बताउँदै उहाँले यसका लागि राज्यले उनीहरूको भूमिकालाई उचित स्थान दिएर अघि बढ्नुपर्ने बताउनुहुन्छ।

"कला अझै राज्यको प्राथमिकतामा परेको छैन", उहाँ भन्नुहुन्छ, "कलाकर्मी जबसम्म आफ्ना कलामार्फत बाँच्न सक्ने अवस्था राज्यले तयार गर्दै तवसम्म यो क्षेत्रको विकास हुनसक्दैन ।" पर्यटन समाजका धेरै कुरासँग जोडिएको बताउनुहुने नेपाल पर्यटन बोर्ड पोखरा कार्यालयका प्रमुख काशीराज भण्डारी कलाका माध्यमबाट जीवन जगतको यथार्थता चित्रण हुने धारणा राख्नुहुन्छ।

कला आफैँमा महत्वपूर्ण पहिचान भएको बताउँदै उहाँ भन्नुहुन्छ, "फ्रान्सको लुभ्र कला सङ्ग्रहालय जस्ता धेरै स्थल कलाकारिताकै माध्यमबाट विश्वमाझ परिचित भएको यथार्थतालाई हामीले बुझ्नु जरुरी छ ।" कला तत्कालीन समयको जीवन्त चित्रण गर्ने

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मन्त्री थापाको निजी लगानीमा खानेपानी सुविधा

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ असोज**

पोखरा महानगरपालिका-१६ हर्पाकस्थितकुरेचौरकाबासिन्दालाई खानेपानीको सुविधा पुगेको छ । नाङ्ले छहरो खानेपानी योजनाअन्तर्गतको जीर्ण पानी सङ्कलन ट्याङ्की मर्मत गरेसँगै स्थानीयलाई खानेपानीको सुविधा पुगेको हो ।

गण्डकी प्रदेशका कानून, संचार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले आफूले राज्यबाट प्राप्त गरेको सेवा सुविधामार्फत रु ३७ हजार पाँच सयको आर्थिक सहयोगबाट पानीट्याङ्की मर्मत गरेसँगै ३२ घरपरिवारलाई खानेपानीको सुविधा पुगेको स्थानीय उपभोक्ता रमेशराज आचार्यले जानकारी दिनुभयो ।

सेवा सुविधामार्फत विसं २०७८ चैतदेखि हालसम्म प्राप्त सेवा सुविधाको



रकमबाट प्रदेशमा हुने नवौं राष्ट्रिय खेलकुदअन्तर्गतको प्याराग्लाइडिङको बन्द प्रशिक्षणका खेलाडीका लागि रु २५ हजार, पोखरा-१७ विरौटामा खानेपानी पाइप खरिद तथा विस्तारलगायत विभिन्न ३६ योजनामा रु ११ लाख ३६ हजार सात सय विनियोजन गरिएको मन्त्री थापाले बिहीबार प्रेस युनियन कास्कीद्वारा पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो।

पत्रकार सम्मेलनमा मन्त्री थापाले विसं २०७४ देखि हालसम्म राज्यका तर्फबाट आफ्नो नाममा बैंकमा जम्मा भएको रु ४० लाख ७१ हजार दुई सय ४९ आवश्यकतानुसार विकास निर्माण एवं सामाजिक कार्यमा विनियोजन गरेको उल्लेख छ।

सरकारी निवासको समेत सुविधा नलिनुभएका मन्त्री थापाले निर्वाचित भएको पाँच वर्षको अवधिमा राज्यबाट प्राप्त बैठक भत्तादेखि मासिक पारिश्रमिक र अन्य सेवा सुविधा रु ४० लाख ७१ हजार तथा आफ्नो निजी रकम रु साढे १७ लाखसहित कुल रु ५८ लाख २९ हजार ६६ विभिन्न विकास निर्माणमा सहयोग गरेको बताउनुभयो।

उहाँले आगामी निर्वाचनमा प्रदेशसभा सदस्यमा पार्टीले पुनः सिफारिस गरेको जनाउँदै निर्वाचित भएमा समाजका असहाय, विपन्न वर्गको पक्षमा काम गर्ने र नपाएमा पनि पार्टीको उम्मेदवारलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। मुलुकमा अनियमितता र भष्ट्राचार बढिरहेको वर्तमान अवस्थामा मन्त्री थापाले आफूले पाउने पारिश्रमिकसमेत विकास निर्माण र सामाजिक सेवामा समर्पित हुनु सबैका लागि उदारणीय कार्य भएको स्थानीय बासिन्दाको भनाइ छ।

## गण्डकीको प्रदेश प्रमुखसमक्ष अख्तियारको प्रतिवेदन

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ असोज**

पोखरास्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यालयले गण्डकी प्रदेश प्रमुखसमक्ष आर्थिक वर्ष २०७८/७९ को ३२औं वार्षिक प्रतिवेशन पेश गरेको छ।

कार्यालय प्रमुख पार्वती शर्माले पेश गर्नुभएको सो प्रतिवेदन ग्रहण गर्दै प्रदेश प्रमुख पृथ्वीमान गुरुङले अख्तियारले 'साना माछा' मात्रै हेरेर नहुने प्रतिक्रिया दिनुभयो । 'ठूला माछा' समाउन पनि आग्रह गर्दै उहाँले प्रमाणका साथ मुद्दा चलाएर फैसला भए बमोजिम जरिवाना गर्नसकेमात्र संस्थाप्रति विश्वास बढेर जाने बताउनुभयो।

उक्त कार्यालयमा एक वर्षमा नवलपुरबाहेकको १० जिल्लाका एक हजार एक सय १८ वटा भ्रष्टाचारका उजुरी परेकामा सात सय सात उजुरी फछ्र्यौट भएको सूचना अधिकारी राजु कुँवरले जानकारी दिनुभयो । ती उजुरी कूल उजुरीको ६३ प्रतिशत हो।

प्रदेशका ११ जिल्लामध्ये कास्कीमा सबैभन्दा बढी भ्रष्टाचारका चार सय ५७ उजुरी दर्ता भएका थिए। कास्कीपछि तनहुँका एक सय ३७ उजुरी परेको थियो भने सबैभन्दा कम मुस्ताङबाट १० र मनाङबाट १३ उजुरी परेको थियो ।

पर्वतबाट एक सय १५, स्याङ्जाबाट एक सय सात, बागलुङबाट ८९, गोरखाबाट ७९, म्याग्दीबाट ६५ र लमजुङबाट ४६ उजुरी परेको थियो । नवलपुर जिल्लाको भने बुटवल कार्यालयमा उजुरी पुग्ने सूचना अधिकारी कुँवरले जानकारी दिनुभयो।

आयोगले उपलब्ध गराएको तथ्याङ्कानुसार देशभरमै गण्डकी प्रदेशमा सबैभन्दा कम सात दशमलव ६२ प्रतिशत उजरी दर्ता भएको कार्यालय प्रमुख शर्माले जानकारी दिनुभयो।


**चाडवाडको समयमा खानपानमा ध्यान दिऔं ।**

- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौ,
- काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौ,
- सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौ,
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौ,

नेपाल सरकार
विज्ञापन बोर्ड


## सीमासुरक्षा थप प्रभावकारी बनाउन दुई मुलुकका सुरक्षा अधिकारी सहमत

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ असोज**

नेपाल-भारतको सीमा सुरक्षालाई थप प्रभावकारी बनाउन दुई देशका सुरक्षा अधिकारी सहमत भएका छन्।

सशस्त्र प्रहरी बल, नेपाल (एपिएफ) र भारतको सशस्त्र सीमा बल (एसएसबी) बीच सशस्त्र प्रहरी बलको मुख्यालय हल्चोक काठमाडौंमा भएको दुई दिने छैटौं समन्वयात्मक बैठकमा उक्त सहमति भएको सशस्त्र प्रहरी बल नेपालले जनाएको छ।

सशस्त्र प्रहरी बल, नेपालका तर्फबाट सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल तथा भारतको सशस्त्र सीमा बलका तर्फबाट महानिर्देशक सुजय लाल थाओसेनले बैठकको नेतृत्व गर्नुभएको थियो।

बैठकमा सीमा सुरक्षालाई थप प्रभावकारी बनाउँदै लैजाने, सीमापार अपराध नियन्त्रण गरी सीमा सुरक्षालाई थप सुरक्षित बनाउने, दुई सुरक्षा निकायबीच निरन्तर समन्वय र सहकार्य तथा सूचना आदनप्रदान गर्नेलगायत सहमति भएको छ । दुई सुरक्षा अधिकारीबीच भएको हस्ताक्षरमा सीमा नाकामा 'हेल्प डेस्क' स्थापना गर्ने कार्यलाई निरन्तरता दिँदै सीमा क्षेत्रमा प्रभावकारी कार्य गर्ने सहमति पनि भएको सशस्त्र प्रहरीले बिहीबार एक सूचना जारी गरी जनाएको छ।

# पोखरा महानगरले सुरु गऱ्यो अन्डरग्राउण्ड पार्किङ

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ असोज**

पोखरा महानगरपालिकाले भूमिगत तला (अन्डरग्राउण्ड) पार्किङ सुरुआत गरेको छ। पोखरा महानगर-८ सिर्जनाचोकको महानगरकै स्वामित्व रहेको भवनबाट यसको सुरु गरेको हो।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले आफ्नै निजी कार पार्किङ गरी अन्डरग्राउण्ड पार्किङको थालनी गर्नुभएको हो। पहिले आंशिकरूपमा अन्डरग्राउण्डमा पार्किङ भए पनि अब पूरैमा पार्किङ गरिने उहाँले जानकारी दिनुभयो। "पहिले यहाँ सिलाइ मेसिनलगायत गोदामका सामान राखिने गरिएको रहेछ", उहाँले भन्नुभयो, "केही सवारी पार्किङ गरिने यस ठाउँमा अबदेखि सबै क्षेत्रमा पार्किङ गरिन्छ", महानगरले ३५ दिने सूचना जारी गरेको समय समाप्त हुन लागेकाले अरुलाई सन्देश दिन आफैँले यो कामको सुरुआत गरेको महानगर प्रमुख आचार्यले जानकारी दिनुभयो।

महानगरले गत भदौ १३ गते पोखरा बजार क्षेत्रभित्रका घरहरूको अन्डरग्राउण्ड खाली गर्न आग्रह गर्दै ३५ दिने सूचना जारी गरेको थियो। पोखरामा जनघनत्व र सवारी चापका कारण पार्किङ अभाव बढ्दै गएपछि अन्डरग्राउण्डलाई पार्किङ बनाउनका लागि सो तला खाली गर्न सूचना जारी गरेको हो। सोही सूचनाअनुसार नै महानगरले आफ्नै भवनबाट यसको सुरुआत गरेको हो। महानगरको स्वामित्वमा रहेको भवनको अन्डरग्राउण्डमा सिलाइका मेसिनसँगै गोदामका सामान राखिएको थियो। त्यहाँ आंशिकरूपमा मात्र दुई-तीनवटा सवारी राख्ने गरिएको थियो।

पोखराको बजार क्षेत्रमा घर बनाउँदा अन्डरग्राउण्ड पार्किङ अनिवार्य बनाउनुपर्ने प्रावधान रहेको छ। नत्र महानगरले नक्सा पास नै गरिदिन्न। अन्डरग्राउण्ड पार्किङ बनाएमा सो तलाको ५० प्रतिशत राजस्वसमेत घरधनीले छुट पाउँछन्। महानगरको प्रावधानमै रहेर कतिपय घर बनेका छन्। उनीहरूले राजस्वमा छुट पनि लिएकै छन्, तर अधिकांशले अन्डरग्राउण्डलाई पार्किङका रूपमा प्रयोग गरेका छैनन्। त्यसरी पार्किङ गर्नुपर्ने ठाउँमा मोटरसाइकल ग्यारेज, मोबाइल पसल, खाजाघर, दोहोरी साँझ, कपडा पसललगायतका व्यवसाय गरिएको छ।

पोखरामा करिब दुई सय ५० घरधुरीले अन्डरग्राण्डमा पार्किङ बनाउने भनेर नक्सापास गराउँदै ५० प्रतिशत छुट लिए पनि व्यवहारमा उतारेका छैनन्। दुई सय ५० मध्ये करिब ६० घरले मात्रै महानगरको मापदण्डमा रहेर अन्डरग्राउण्डलाई पार्किङका रूपमा गरेको पोखरा महानगरपालिकाका इञ्जीनियर सुरेन्द्र पौडेलले बताउनुभयो।

महानगरपालिकाले अटेर गरेर अन्डरग्राउण्ड खाली गरेर पार्किङस्थल नबनाए महानगरको कानुनबमोजिम कारबाही गरिने जानकारी दिएको छ। "हामीले ३५ दिने सूचना जारी गरिसकेका छौँ, केहीले खाली गरिसक्नुभएको छ। केहीमा ठूलो समस्या भएकाले दुई-तीन दिनको समय माग्नुभएको छ", महानगरप्रमुख आचार्यले भन्नुभयो, "३६ दिन पुगेको दिनमा हामी अनुगमनमा निस्कन्छौँ, त्यसभन्दा अघि हामीले आफ्नै भवनबाट सुरु गरौँ भनेर अघि बढेका हौँ।"

# पोखरालाई खेलकुदमय बनाउन महानगरले सघाउने

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ असोज**

नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको मुख्य आयोजनास्थल रहेको सहर पोखरा महानगरपालिकाले प्रतियोगिता भव्य बनाउन आफ्नो तयारी सुरु गरेको छ।

महानगरले प्रचारप्रसारका माध्यमबाट पोखरालाई खेलकुदमय बनाउन सहरका मुख्यस्थल र महानगरका प्रवेशनाकामा स्वागतद्वार र प्रचार सामग्री राख्ने भएको छ। राष्ट्रिय खेलकुद प्रतियोगितालाई सफल बनाउन महानगरले आफ्नोतर्फबाट काम अघि बढाएको हो। महानगर प्रमुख धनराज आचार्यले पोखरा खेलकुदमय भएको छ भन्ने हिसावले प्रतियोगिताको प्रचारप्रसारका विषयमा सरोकारवाला निकायसँग बसेर दसैँलगत्तै यसलाई सुरु गरिने बताउनुभयो। उहाँले भन्नुभयो, "पोखरा खेलकुदमय छ भन्ने महसुस गराउन हामीले विज्ञापनका लागि विद्युतिय डिस्प्ले बोर्ड, रोड ब्यानर, स्वागत गेटलगायतबाट प्रचारप्रसार गर्नेछौँ।" महानगरपालिकाले पोखरा आउने खेलाडी, प्रशिक्षक तथा पदाधिकारीलाई यातायात, होटल, सपिङ मललगायतमा छुट तथा सहुलियतका लागिसमेत सम्बन्धित पक्षसँग आह्वान गरिने जनाएको छ।

"राष्ट्रिय खेलकुद देशकै गौरव हो यसलाई सफल बनाउन सबैले आआफ्नो ठाउँबाट योगदान गर्नुहोस् भनेर होटल व्यवसायी, यातायात व्यवसायी तथा निजी क्षेत्रलाई आह्वान गर्दैछौँ।" आचार्यले भन्नुभयो। महानगरले खेलस्थलसम्म जाने सडक, खेलस्थलको सरसफाइ, विद्युत्, खानेपानी, शौचालयको उचित प्रबन्ध तथा खेलस्थलको सजावटमा पनि सहयोग गर्ने जनाएको छ। गण्डकी प्रदेश खेलकुद परिषद्का सदस्य सचिव तेजबहादुर गुरुङले ३९ वर्षपछि गण्डकी प्रदेशमा आयोजना हुन लागेको प्रतियोगिता भव्य बनाउनुपर्ने सबैको दायित्व रहेको बताउनुभयो। सरकारी तथा निजी क्षेत्र सबै मिलेर मात्र राष्ट्रको गौरवसँग जोडिएको खेल प्रतियोगिता सफल हुने उल्लेख गर्नुभयो। प्रतियोगितालाई मध्यनजर गरी खेलस्थलसम्म पहुँचका लागि सडक मर्मत तथा स्तरोन्नति महानगरपालिकाका विभिन्न नाकामा स्वागत तथा सहरका विभिन्न यात्रु प्रतीक्षालयलगायत स्थानमा खेलकुदसँग सम्बन्धित सामग्री डिस्प्ले बोर्ड राख्ने व्यवस्था महानगरले गर्ने प्रतिबद्धता जनाएको गुरुङले जानकारी दिनुभयो। प्रतियोगितास्थलमा मिडिया सेन्टरमा विद्युत् तथा गुणस्तरीय इन्टरनेटको व्यवस्था गर्नेलगायतका विषयमा सहजीकरण गरिदिन उहाँले महानगरसँग आग्रह गर्नुभयो। प्रतियोगिताका लागि कास्कीसहित स्याङ्जा, पर्वत, गोरखा, नवलपुर, म्याग्दी र बागलुङमा खेलस्थल तोकिएको छ। राष्ट्रिय खेलकुदमा फुटबल, क्रिकेट, टेनिस, एथलेक्टिस, भारत्तोलन, सुटिङ, ब्याडमिन्टन, टेबल टेनिस, बक्सिङ, भलिबल, बुद्धिचाल, खोःखो, कराँते, जिम्न्याष्टिक, पौडी र कबड्डी खेल समावेश गरिएका छन्। त्यस्तै ह्याण्डबल, जुडो, कुस्ती, कराते, सफ्टटेनिस, स्क्वास, तेक्वान्दो, उसु, बास्केटबल, शारीरिक सुगठन, आइटिएफ तेक्वान्दो, सेपाताक्रो, गल्फ, आर्चरी, साइक्लिङ, फेन्सिङ, ट्रायथलन र प्याराग्लाइडिङ पनि प्रतियोगितामा समेटिएका खेल हुन्। प्रतियोगिता यही असोज २८ देखि कात्तिक ३ गतेसम्म सञ्चालन हुँदैछ।

# पर्यटकीय...

माध्यम समेत भएको बताउँदै उहाँले प्रत्येक ऐतिहासिक बस्तु तथा सन्दर्भ कलाका माध्यमबाट पछिल्लो पुस्ता माझ हस्तान्तरण हुन सक्ने बताउनुभयो। कलाका माध्यमबाट समाजमा सचेतना समेत जगाउने सकिने प्रदर्शनीको आयोजक संस्था अप्टिमिष्ट क्लब अफ लेखनाथका अध्यक्ष रोशन अधिकारी बताउनुहुन्छ।

कलाकारिताको प्रवर्द्धन र विकास क्लबको प्राथमिकतामा रहेको बताउँदै उहाँले यस प्रदर्शनीलाई एउटा महत्वपूर्ण अवसरमा रूपमा लिएको धारणा राख्नुहुन्छ। "समाजमा धेरै लुकेका वास्तविकतालाई कलाका माध्यमबाट खोतल्न सकिन्छ", उहाँले भन्नुहुन्छ, "कलाकार सिंहको यस प्रदर्शनीमा तिनै विविधतायुक्त यथार्थतालाई कलामार्फत प्रस्तुत गरिएको छ।"

# न्यायिक समितिमा एकसय एक मुद्दा फछ्र्योट

**पोखरापत्र संवाददाता**
**तनहुँ, १३ असोज**

जिल्लाको भीमाद नगरपालिकाको न्यायिक समितिमा पाँच आर्थिक वर्षमा एक सय ६६ मुद्दा दर्ता भएका छन्। दर्ता भएका मुद्दामध्ये एक सय एक फछ्र्योट भएका छन्। बाँकी १० मुद्दा फछ्र्योटको प्रक्रियामा रहेको सो नगरपालिका कार्यालयले जनाएको छ।


सो अवधिमा नगरपालिकाको न्यायिक समितिमा दर्ता भएका मुद्दामध्ये अधिकांश मिलापत्रबाट हुने गरेको भीमाद नगरपालिकाका अधिकृत अजय सुवेदीले जानकारी दिनुभयो। न्यायिक समितिमा परेका मुद्दा नगरपालिकाबाटै छिनोफानो गर्दा अदालत जानुपर्ने झन्झटको अन्त्य हुनुका साथै आर्थिक भारमा कमी आएको प्रमुख प्रशासकीय अधिकृत टेकनाथ दाहालले जानकारी दिनुभयो। मुद्दा दर्ता भएकामध्ये अधिकांश साँध सिमाना मिचिएको विवाद, मानाचामल, आर्थिक लेनदेन, पतिपत्नीबीचको झगडालगायतका छन्। न्यायिक समितिमा दर्ता भएका अधिकांश मुद्दा मिलापत्रबाट मिलाउने गरिएको नगरपालिकाकी उपाध्यक्ष एवं न्यायिक समितिकी संयोजक शारदा खनालले जानकारी दिनुभयो।


**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**

**INVITING BIDS FOR LAYING OF UNDERGROUND ELECTRICITY SUPPLY LINE OF EOI, PPO, POKHARA**

1. Sealed tender documents/ quotations are invited directly from reputed bidders for Laying of Underground Electricity Supply Line of Embassy of India, Pension Paying Office, Rambazar, Pokhara (Nepal).
2. The last date of receipt of offer in sealed envelope is on or before 11 Oct 2022 up to 1030 hrs. The notice is also available on website www.indianembassy.org.np and eprocure.gov.in . The bid documents can be collected from Embassy of India, Pension Paying Office, Rambazar, Pokhara (Nepal). Tele No 061-431240/061-432804/061-432805.
3. Bidders may visit the site before submitting the bid.

**Officer-in-Charge**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**


नेपालीहरूको महान पर्व
वडा दशैं
शुभ दीपावली
तथा
नेपाल सम्बत ११४३
एवम् छठ पर्व
२०७९ को पावन अवसरमा यहाँहरू सबैको उत्तरोत्तर प्रगति, सुस्वास्थ्य र शान्तिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।







तिर्थ बहादुर बस्नेत
अध्यक्ष एवं
कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. परिवार
पोखरा महानगरपालिका वडा नं १३, कास्की
फोन नं. ०६१-५३५७९५, ०६१-५२६९८८, ०६१-५३०५६७



**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।


सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । - हजरत अली

## सम्पादकीय

# समानुपातिक सूची सच्याउ

मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनका लागि दलहरूले समानुपातिकतर्फका उम्मेदवारको बन्द सूची सच्याउने समय असोज १६ गतेसम्म छ । दलहरूले निर्वाचन आयोगमा बुझाएका नाम नमिलेको भन्दै सच्याउन भनेको छ । अधिकांश दलले बुझाएको सूची मिलेको छैन । पटकपटक सत्तामा पुगेका र सत्तारूढ दलले पनि समानुपातिक सुची मिलाउन नसक्नु नियतमा खोट हो । प्रमुख राजनीतिक दलले समानुपातिक सुची पेस गर्दा पार्टी भित्र सन्तुलन मिलाउन सकेका छैनन् ।

नेपाली कांग्रेसको संस्थापन इतर समुहले समानुपातिक उमेदवार सच्याउन दबाबमूलक आन्दोलन चलाएको छाशेखर कोइराला समुहको दबाब पछि कांग्रेस सभापति एवं प्रधानमन्त्री शेर बहादुर देउवा सुची सच्याउन तयार भएका छन । शेखर समुहले ४० प्रतिशत मागेपनि समानुपातिकमा केही सुधार हुने वचन दिएका छन । प्रत्यक्षमा ३० प्रतिशत दिन सभापति देउवा सहमत भएका छन । सहमति अनुसार सिट दिन तयार भएमा गठबन्धनलाई केही अनुकुल हुनेछ । नेकपा एमाले, माओवादी केन्द्रमा पनि पुराना,योगदान दिएका भन्दा नेताले मज पराएका छना।पार्टीमा पुऱ्याएको योगदानको महत्त्व कम हुँदै गएको छ । अहिले नाम सार्वजनिक हुँदैन । नेताहरूले सुचना नदिए पनि समानुपातिक समावेशी मर्म अनुरुप छैन ।

दलहरूले यसअघि जस्तै महिला, मधेसी, जनजाति, आदिवासी, थारु लगायत जुनजुन क्लस्टरबाट सांसद भए अहिले पनि त्यस्तै छाजुन क्लस्टरबाट चुनिएका व्यक्ति तत्तत् वर्ग समुदायको प्रतिनिधित्व गर्नेभन्दा पनि नेताका नजिकका धेरै थिए । पार्टीलाई चन्दा बुझाएकैले उनीहरूलाई सांसद बनाइएको थियो । आफन्त र नातागोता भएकैले उनीहरूले मौका पाएका थिए । शीर्ष दलका शीर्ष नेताको नजिकका व्यक्तिको हालीमुहाली समानुपातिकमा भयो। एकै व्यक्ति पटकपटक दोहोरिएका छन । प्रधानमन्त्री शेरबहादुर देउवाकी श्रीमती डाक्टर आरजु राणा महिला कोटामा समानुपातिक सूचीमा परेको समाचारहरू आइरहेका छन् । जसको पहुँच छैन, उसलाई समानुपातिकमार्फत प्रतिनिधित्व गराउने संवैधानिक मर्म हो । सबैभन्दा धेरै पहुँचवाला र शक्तिशाली व्यक्तिको मुठीमा समानुपातिक कोटा पर्नु दुर्भाग्य हो । समानुपातिक निर्वाचन प्रणालीकै कारण कुनै पनि दलको बहुमत आउने अवस्था छैन । सरकार सधैं अस्थिर भयो। सत्ताको घिनलाग्दो खेल धेरै भयो ।

निर्वाचन प्रणालीमाथि आलोचनामात्रै होइन विरोधको स्वर चर्को छा भनू त्यस्तै आवाजलाई बल पुग्ने गरी दलहरूले यो निर्वाचन प्रणालीको छिद्रबाट निकै हदसम्मको दुरुपयोग गरेका छन् । सिधै जनताबाट चुनिनेभन्दा समानुपातिकबाट सांसद बन्ने जस्केलाको बाटो रोजिरहेका छन् । खासमा अर्बपतिहरू, ठूलाबडाहरू र पहुँचवाला तथा धनबली एवं बाहुबलीहरू छिर्न बनाइएको जस्केलो होइन । समानुपातिक प्रणाली पिछडिएको वर्ग र बञ्चितीकरणमा परेको समुदायको मूलबाटो हो । त्यसलाई मिचेर हुनेखाने वर्गले समानुपातिकको बाटो ओगटेको छ । त्यो बलमिच्याइँ लोकतन्त्रको मर्म र संविधानको मर्म मिच्याइँ पनि हो। संविधानले व्यवस्था गरेका समानुपातिक, संघीयता, धर्म निरपेक्षता र गणतान्त्रिक व्यवस्थामाथि पटकपटक प्रहार गर्नुको कारण दलहरूका त्यस्तै कमजोरीका कारणले हो । पछाडि पारिएको वर्ग र समुदायकै भाग खोसेर फेरि पनि आफ्नैलाई पोस्ने क्रम र उपक्रमले निरन्तरता पायो भने व्यवस्थालाई चुनौती दिने शक्तिको बिजारोपण नहोला भन्न सकिन्।दलहरूले गल्ती सच्याएर वास्तविक मर्म अनुसार सुची बुझाउन सके दलप्रतिको नकारात्मक धारणामा कमि आउनेछ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक क्षमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : अप्रत्यासित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।

# चित्रेभञ्ज्याङ-पोखरा सम्पर्क मञ्चको शुभकामना आदानप्रदान

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ असोज**

चित्रेभञ्ज्याङ पोखरा सम्पर्क मञ्चले बिहीबार शुभकामना आदानप्रदान कार्यक्रम गरेको छ । उक्त कार्यक्रममा रीम राना मगर, सु. होम बहादुर थापा मगर, नारायण भण्डारी, क्या. कान्त बहादुर थापा मगर, चन्द्र कला थापा मगर, बिशु थापा मगर, चन्द्रा थापा मगर, ओम बहादुर थापा मगर, सु. पुर्ण बहादुर थापा मगर, याम सुनार, क्या. देवलसिं थापा मगर, ओम थापा सिंजाली मगरले शुभकामना मन्तव्य राखेका थिए ।

मञ्चका अध्यक्ष क्या. नरेश थापा मगरको अध्यक्षतामा भएको कार्यक्रमको संचालक संस्थाका सचिव बुद्धिराम लम्सालले गर्नुभएको थियो । कार्यक्रममा सबैले स्वास्थ्यलाई ख्याल राख्दै कोभिड-१९, डेँगु रोग लगायत अन्य रोगहरुबाट सजक रहदै चाडबाड मनाउनुपर्नेमा जोड दिए ।

# बन्दीपुरमा विदेशी पर्यटकको चहलपहल

**पोखरापत्र संवाददाता**
**तनहुँ, १३ असोज**

तनहुँको प्रमुख पर्यटकीय गन्तव्यस्थल बन्दीपुरमा विदेशी पर्यटकको चहलपहल सुरु भएको छ । असोज लागेसँगै बन्दीपुरमा विदेशी पर्यटक आउन थालेका हुन् ।

विदेशीको घुम्ने समय भएकाले बन्दीपुर आउने क्रम सुरु भएको व्यवसायी बताउँछन् । बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष एवं होटल व्यवसायी किसन प्रधानले विदेशी पर्यटकको आगमन सुरु भएको जानकारी दिनुभयो । "तीन दिन अगाडिमात्रै ७० विदेशी पाहुना बन्दीपुर आउनुभयो", प्रधानले भन्नुभयो, "आइतबार पनि २५ जना आउनुभएको छ, अब बन्दीपुरमा विदेशीको चहलपहल थप बढ्ने विश्वास लिएका छौं ।" बन्दीपुर आउने पर्यटकमध्ये फ्रान्स, बेलायतका बढी छन् । चिनियाँ पर्यटक भने बन्दीपुरमा ठप्प रहेको उहाँले बताउनुभयो । "पहिला पहिला बन्दीपुरमा सबैभन्दा बढी पर्यटक चिनियाँ हुन्थे, तर अहिले चिनियाँ पर्यटक ठप्प छन्, युरोपेली मुलुकका पर्यटक आउँछन्", उहाँले भन्नुभयो ।

विदेशी पर्यटकको घुम्ने समयका कारण नेपाल आएका पर्यटक प्याकेजमा बन्दीपुरसम्म आउने गरेको उहाँले सुनाउनुभयो । "नेपाल आएका पर्यटक पोखरा, सौराहा लगायतका ठाउँसम्म घुम्न निस्किने र त्यही बेला बन्दीपुर भ्रमणका लागि आउने गरेका छन्", उहाँले भन्नुभयो, "यहाँकोरीतिरिवाज,रहनसहनदेखेर उनीहरू मख्ख पर्छन् ।" बन्दीपुरमा विदेशी पर्यटकको चहलपहल सुरु भए पनि स्वदेशी पर्यटक भने न्यून रहेको व्यवसायी बताउँछन् । होटल व्यवसायी बसन्त पौडेलले स्वदेशी पाहुनाको आगमन घटेको बताउनुभयो । "स्वदेशी पाहुना फ्याट्टफुट्ट मात्रै बन्दीपुर आइपुगेका छन्", उहाँले भन्नुभयो ।

सदरमुकाम दमौलीदेखि १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दिपुर पुगिन्छ । जहाँबाट मनोरम हिमशृङ्खला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ । प्राकृतिक सुन्दरता बोकेको बन्दिपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरी लगायतका हिमश्रृङ्खला देखिने भएकाले यहाँ पुग्ने जो कसैको मन लोभिने गर्दछ । भक्तपुरे शैलीमा निर्माण गरिएको घर, टुँडिखेल, थानीमाई, तीनधारा, रानीवन, रामकोट, सुनखरी, खड्गदेवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्र लगायतका स्थल यहाँ आउने पर्यटकको पहिलो रोजाइँ बन्ने गरेको छ । बन्दीपुरमा होटल सङ्घसँग आबद्ध साना ठूला गरी ७७ होटल सञ्चालनमा छन् ।

# निःशुल्क वितरणका लागि पाँच लाख ५० हजार थान सिटामोल उपलब्ध

**रासस**
**काठमाडौं, १३ असोज**

डेङ्गुको सङ्क्रमण बढेपछि सरकारले काठमाडौं र ललितपुरका १४ स्थानीय तह तथा उपत्यकाका १६ अस्पताललाई पाँच लाख ५० हजार थान सिटामोल उपलब्ध गराएको छ ।

डेङ्गु सङ्क्रमितको उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले स्वास्थ्य मन्त्रालयले ती निकाय तथा अस्पताललाई निःशुल्क वितरणका लागि पारासिटामोल उपलब्ध गराएको हो । काठमाडौं महानगरपालिका र ललितपुर महानगरपालिकालाई एक/एक लाख थान, कागेश्वरी मनोहरा, कीर्तिपुर, गोकर्णेश्वर, टोखा, तारकेश्वर, दक्षिणकाली, नागार्जुन, बूढानीलकण्ठ, शङ्खरापुर, महालक्ष्मी र गोदावरी नगरपालिकालाई २०/२० हजार थान सिटामोल उपलब्ध गराइएको स्वास्थ्य सेवा विभागले जनाएको छ । सशस्त्र प्रहरी बल अस्पताल, भक्तपुर अस्पताल, सिभिल अस्पताल, कान्ति बाल अस्पताल, सहिद गङ्गालाल राष्ट्रिय हृदयरोग केन्द्र, प्रसूतिगृह, वीर अस्पताल, नरदेवी आयुर्वेद अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, नेपाल प्रहरी अस्पताल, पाटन अस्पताल,सहिदशुक्रराजट्रपिकल तथा सरुवा रोग अस्पताल, वीरेन्द्र सैनिक अस्पताल र त्रिवि शिक्षण अस्पताललाई निःशुल्क वितरणका लागि सिटामोल उपलब्ध गराइएको छ । डेङ्गु सङ्क्रमणको विद्यमान अवस्थालाई मध्यनजर गर्दै विभिन्न औषधि तथा भण्डारण केन्द्रमा औषधि भण्डारण गरी राखिएको र आवश्यकताअनुसार आपूर्तिको व्यवस्था मिलाइएको स्वास्थ्य मन्त्रालयका प्रवक्ता समीर कुमार अधिकारीले जानकारी दिनुभयो । स्वास्थ्य संस्था, फार्मेसी, औषधि उद्योगलाई सिटामोलको उत्पादन तथा आपूर्ति व्यवस्था सहज बनाउन सहजीकरण भइरहेको मन्त्रालयले जनाएको छ । काठमाडौं उपत्यकामा डेङ्गुको सङ्क्रमण अन्य स्थानको तुलनामा बढी रहेको मन्त्रालयले भनाइ छ । डेङ्गु एडिज जातका पोथी लामखुट्टेको टोकाइबाट सर्दछ । डेङ्गु सङ्क्रमण भएमा उच्च ज्वरो आउने, शरीर दुख्ने जस्ता लक्षण देखापर्ने चिकित्सकको भनाइ छ ।

# सञ्चारमाध्यमका दर्शक, स्रोता र पाठक घट्यो : अध्ययन प्रतिवेदन

**रासस**
**काठमाडौं, १३ असोज**

कोभिड-१९ पछिको असर र वैकल्पिक मिडियाको बढ्दो प्रयोगसँगै रेडियो, टेलिभिजन र पत्रपत्रिकाजस्ता परम्परागत सञ्चारमाध्यमका दर्शक, स्रोता र पाठक घट्न थालेका छन् ।

सञ्चारविज्ञसहितको टोलीले गरेको एक अध्ययनले टेलिभिजनका दर्शकमा १२ दशमलव दुई, रेडियोका स्रोता १४ र पत्रपत्रिकाका पाठक १७ प्रतिशतले घटेको देखाएको छ भने समाचार ग्रहणका लागि यी माध्यमको प्रयोग मानिसले अनिवार्य नभई आक्कलझुक्कलरूपमा गर्न थालेको पाइएको छ । यद्यपि समसामयिक सूचना र आएका सूचनाको विश्वसनीयताका दृष्टिले यी माध्यमको औचित्य कायमै रहेको देखिएको छ । सामाजिक सञ्जाल प्रयोग बढे पनि मानिसहरू त्यहाँ आउने सूचनालाई भरसक विश्वास गरिहाल्दैनन् । मुलुकभरका १८ वर्ष उमेरमाथिका पाँच हजार पाँच सय ८२ जना बीच स्थलगत अध्ययनका आधारमा 'शेयरकाष्ट इनिसिएटिभ नेपाल'ले प्रकाशन गरेको 'नेपाल मिडिया सर्भे, २०२२'ले केही त्यस्ता रोचक तथ्यहरू उजागर गरेको छ, जसले सञ्चारमाध्यम र सामाजिक सञ्जालहरूको प्रयोग, विश्वसानीयता र सञ्चार उद्यमी तथा सञ्चारकर्मीहरूका लागि भावी लक्ष्य कोर्न बाटो देखाइदिएको छ । अध्ययन प्रतिवेदनअनुसार सर्भेक्षणमा सहभागीमध्ये रेडियोको प्रयोगको सङ्ख्या ४५ दशमलव दुई प्रतिशत, टेलिभिजनको प्रयोग ४८ दशमलवपाँचप्रतिशत, मोबाइल र इन्टरनेटको प्रयोगको सङ्ख्या ६३ प्रतिशत र अनलाइन न्यूज पोर्टल प्रयोगको ३० प्रतिशत र पत्रपत्रिका प्रयोग १५ प्रतिशतले गर्ने गरेका छन् । सोही संस्थाले सन् २०२० मा गरेको यस्तै प्रकारको अध्ययनको तुलनामा रेडियो, टेलिभिजन र पत्रपत्रिकाका प्रयोगकर्ता घटेका छन् भने मोबाइल र सामाजिक सञ्जालको प्रयोगकर्ता बढेका छन् । अध्ययनले रेडियो र टेलिभिजन सेटबाट नभई इन्टरनेटको प्रयोगबाट मोबाइलबाटै रेडियो सुन्ने र टेलिभिजन हेर्नेहरू पनि बढिरहेकाछन्।सूचनातथाप्रसारण विभागको अभिलेखअनुसार देशभरबाट आव २०७७/७८ सम्ममा दर्ता भएका पत्रपत्रिकाको कुल सङ्ख्या सात हजार आठ सय ७४ रहेको छ ।

यीमध्ये काउन्सिलको वर्गीकरणमा करिब एक हजार पर्ने गरेका छन् । पछिल्लो समयमा पत्रपत्रिकाको उत्पादन सङ्ख्या घट्न थालेको छन् । पत्रपत्रिकाहरूले अनलाइन संस्करणबाट आफ्ना पाठकलाई जोड्न थालेका छन् । दूरदराजमा पत्रपत्रिकको उपलब्धता नहुने भएकाले तथा आफ्नो पेशा व्यवसायका कारण समय दिन नसकिने हुँदा पत्रपत्रिका पढ्ने प्रवृत्ति घटेको देखिएको छ । कान्तिपुर दैनिकका सम्पादक उमेश चौहानको विचारमा उक्त अध्ययनको विश्लेषण उत्साहजनक नभए पनि विश्वसनीयताका दृष्टिमा पत्रपत्रिका,रेडियोटेलिभिजनलाई कायमै राखिएकाले निराशाजनक छैन । उहाँले अहिले नयाँ पुस्ता कस्ता सामग्री चाहन्छन् र उनीहरूको रुचि के छ भनेबारेमा सामग्री उत्पादन गर्न सक्ने हो भने परम्परागतसञ्चारमाध्यमको अझै औचित्य रहने बताउनुभयो । प्रेस काउन्सिल नेपालमा दर्ता भएका अनलाइन सञ्चारमाध्यमहरूको पछिल्लो आँकडा तीन हजार छ सय २४ पुगेको छ। काउन्सिलको ४८औं वार्षिक प्रतिवेदनले पनि सञ्चारमाध्यमलाई सामाजिक सञ्जालका कारण चुनौती थपिएको स्पष्ट उल्लेख गरेको छ । "आमसर्वसाधारण नागरिक कुन मिडिया हो, कुन सामाजिक सञ्जाल हो, को पत्रकार हो र को होइन भनेर छुट्याउन सक्ने अवस्थामा छैनन् । आमसञ्चारका सबै क्षेत्रलाई समेट्नु र नागरिकको विश्वास बढाउनु आजको आवश्यकता हो । एउटै सञ्चारमाध्यमको समाचार पढेर, सुनेर, हेरेर नागरिकले धारणा बनाउन सकिरहेका छैनन् । किनभने तथ्यमै फरक पारिएको हुन्छ ।" सो अध्ययन र विश्लेषणमा मधु आचार्यको नेतृत्वमा डा भूमिराज चापागाईं, डा सुधाम्शु दाहाल, कुन्द दीक्षित र रमेशप्रसाद अधिकारी सम्लग्न रहनुभएको थियो ।

# स्वतन्त्र पत्रकारिता पुरस्कारबाट आचार्य सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ असोज**

हरिजमुना स्वतन्त्र पत्रकारिता पुरस्कारबाट पत्रकार रामप्रसाद आचार्य सम्मानित भएका छन् ।

यसैगरी सिर्जनाशिल पत्रकारिता पुरस्कार निशु जोशीले प्राप्त गरेकी छन् । समाजसेवी माधवी शाहद्वारा बाबुआमाको स्मृतिमा स्थापित तथा स्वतन्त्र पत्रकार संघ नेपाल बाँकेबाट संचालित उक्त पुरस्कारको राशि पाँच हजार एक सय ५१ रुपैयाँ र सम्मानपत्र रहेको छ ।

स्वतन्त्र पत्रकार संघ नेपालका राष्ट्रिय अध्यक्ष कृष्णप्रसाद बास्तोला, राष्ट्रिय उपाध्यक्ष निरज गौतम, अग्रज पत्रकार पूर्णलाल चुके र बाँके शाखा अध्यक्ष नमस्कार शाहले नेपालगंजमा आयोजित समारोहबिच सम्मान पत्र, दोसल्ला र टिकासहित उनीहरूलाई सम्मान गरेका थिए ।

# सञ्चालनमा नआउँदै बिग्रियो नौ करोडको बसपार्क

**पोखरापत्र संवाददाता**
**बागलुङ, १३ असोज**

आधुनिक बसपार्कको छाना हावाले उप्काएको छ भने यात्रु प्रतिक्षालयको केही भाग भासिएर चर्किएको छ ।

बसपार्कको टर्मिनल भवनको बीच भागबाट पानी चुँहिएर अन्डरग्राउन पार्किङस्थलमा ताल परेको छ । बसपार्कको दायाँबाँया चर्किएको भाग सिमेन्टले पोतिएको छ । उक्त दृश्य कुनै जीर्ण बसपार्कको नभएर निर्माण सम्पन्न भएर सञ्चालनमा आइनसेको आधुनिक बागलुङ बसपार्कको हो । रु नौ करोड लागतमा निर्माण सम्पन्न गरिएको बसपार्क सञ्चालनमा नआउँदै बिग्रन थालेको हो । निर्माण व्यवसायीको लापरबाहीका कारण सञ्चालनमा नआउँदै बसपार्क मर्मत गर्नुपर्ने अवस्था आइपुगेको छ ।

आधुनिक बागलुङ बसपार्क निर्माण सम्पन्न भएको एक वर्ष मात्रै बित्यो । बसपार्क सञ्चालनमा नआउँदै मर्मत सम्भार गर्नुपर्ने अवस्थामा पुगेको बागलुङ नगरपालिकाले जनाएको छ । निर्माण व्यवसायीले बसपार्क निर्माण सम्पन्न गरे पनि बसपार्क हस्तान्तरण भने भएको छैन तर बसपार्कको संरचना भने बिग्रिएको छ ।

बसपार्कको टर्मिनल भवनको बीच भागबाट अन्डरग्राउन पार्किङस्थलमा पानी जमेको छ भने केही भाग प्लास्टरसमेत उप्किएको पाइएपछि नगरपालिकाले निर्माण व्यवसायीलाई पत्र नै काटेर मर्मत गर्न लगाएको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो । "बसपार्क हस्तान्तरण त भएको छैन, तर निर्माण भइसकेका संरचना कतै चर्किएको त कतै उप्किएको प्राविधिकबाट जानकारी आएपछि निर्माण व्यवसायीलाई अन्तिम भुक्तानी रोकेर मर्मत गर्न भनेका छौं", नगर प्रमुख श्रेष्ठले भन्नुभयो, "अहिले निर्माण कम्पनीले बसपार्क मर्मत गरिरहेको छ, तर निर्माण भइसकेको संरचना कसरी बिग्रन पुग्यो, त्यो नगरपालिकाका प्राविधिकले अध्ययन गरिरहेका छन्, पूरै मर्मत नभए अन्तिम भुक्तानी रोक्छौं ।" बागलुङ-४ स्थित दाबगरामा स्थानीयबासीले निःशुल्क दिएको जग्गामा बसपार्क निर्माण भए पनि गुणस्तरमा भने प्रश्न चिन्ह उठेको छ । बागलुङ बजारमा आधुनिक बसपार्क निर्माण गर्ने सपना १९ वर्षपछि पूरा भए पनि बसपार्क सञ्चालनमा नआउँदै बिग्रन थालेको हो । बसपार्कको यात्रु प्रतिक्षालयको जस्ता हावाले उडाएपछि बसपार्क टिकाउ नहुने स्थानीयवासीको आशङ्का छ । अहिले बसपार्कको बिग्रेको भाग मर्मत निर्माण कम्पनीबाटै भइरहेको नगरपालिकाका इन्जिनीयर त्रिलोचन गिरीले जानकारी दिनुभयो ।

"स्टमेट अनुसार निर्माण सम्पन्न भइसकेको संरचनामा क्षति पुगेको देखियो, तत्कालै निर्माण व्यवसायीलाई अन्तिम भुक्तानी रोकेर मर्मतमा खटाएका छौं, बसपार्क पूरै मर्मत नभएसम्म बाँकी रहेको रकम भुक्तानी रोकिनेछ", गिरीले भन्नुभयो, "हस्तान्तरण नहुँदै बसपार्क मर्मत गर्न थालिनु दुःखद् विषय हो, हस्तान्तरणको एक वर्ष समेत निर्माण व्यवसायीले बिग्रे वा भत्केमा मर्मत गर्नुपर्दछ ।"

निर्माण व्यवसायीले अन्तिम किस्ता रु ३८ लाख रकम भुक्तानी गर्न बाँकी रहेको नगरपालिकाले जनाएको छ ।

# मेयर आचार्यद्वारा पोखरा-१५ मा शहरी स्वास्थ्य सेवा केन्द्रको उद्‌घाटन

पोखरापत्र संवाददाता
पोखरा, १३ असोज

पोखरा महानगरपालिका वडा नं -१५ को वडा कार्यालय परिसरमा सहरी स्वास्थ्य केन्द्रको स्थापना गरिएको छ।

पोखरा महानगरपालिका स्वास्थ्य महाशाखा अन्तर्गतको उक्त स्वास्थ्य केन्द्रको बिहीबार महानगरका मेयर धनराज आचार्यले उद्घाटन गरेका हुन्। उद्घाटनपछि आयोजित चाडपर्वको शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि समेत रहेका आचार्यले जसरी दसैंलाई सत्यको विजय र असत्यको पराजयको प्रतीकको रूपमा लिइन्छ, त्यसरी नै हामीले पनि समाज भित्र रहेका सबै खालका नकारात्मक बिम्बहरूलाई परास्त गर्दै राम्रो र स्वस्थ ऊर्जा लिएर अगाडि बढ्ने तथा एक आपसमा अपनत्व र मेलमिलापको भावनालाई लिएर अगाडि बढ्नुपर्नेमा जोड दिए।

उनले आज नेपाली समाज स-साना विषयमा विभाजित बन्दै गइरहेको र वर्ष भरी मिलेर बसिरहेको समाजमा निर्वाचन नजिकिन थालेपछि दूरी बढ्ने गरेको भन्दै आ-आफ्नो आस्थालाई निर्वाचनमा प्रकट गरेर समग्र विकास निर्माणको सवालमा कोही पनि मुखरित हुन नहुनेमा जोड दिए। मेयर आचार्यले यस भन्दा अगाडि वडाहरूलाई वर्ष भरिमा जम्मा ४०/४१ लाख मात्र बजेट पठाउने गरेको महानगरपालिकाको आफ्नै इतिहासमा रहेकोमा यस पटक त्यसलाई परिमार्जित गरेर प्रत्येक वडालाई ५ करोडको हाराहारीमा महानगरको बजेट छुटाइएको बताए। उनले निर्वाचित भएर आए लगत्तै छोटो समयमा



बजेट बनाउनुपर्ने बाध्यता रहेकाले सबैसँग बसेर आवश्यकताको पहिचान गरी प्रोजेक्ट बैंक बनाएर अगाडि बढ्ने अनुकूलता नभएपनि सबैको आवश्यकता बुझेर बजेटमा समेट्ने प्रयास गरेको दाबी गरे। उनले अगाडि भने 'बजेटमा यो वर्ष धेरै पाउनुपर्नेले कम प्राथमिकता पाएको र कम पाउनुपर्नेले धेरै पाएको पनि हुनसक्छ, तर, अर्को वर्ष सबैको राय सल्लाह लिएर आवश्यकता हेरी कार्यक्रमलाई अगाडि बढाउनेछौं।' मेयर आचार्यले अघिल्लो वर्षको क्रमागतमा रहेका र अगाडि बढ्दै गरेका योजनाहरूलाई निरन्तरता दिइएको जनाए। आचार्यले पोखरा भित्रधेरै सार्वजनिक जग्गाहरूरहेकोर यो वा त्यो ढङ्गले अतिक्रमित रहेको भन्दै अब जो जसले सार्वजनिक जग्गा प्रयोग गरेका छन् सबैले अहिलेसम्म प्रयोग गर्नुभयो। अब के गर्ने हो गर्नुस भनेर जग्गा छाडिदिन अनुरोध गरे।

अनुरोध गर्दा पनि नछाडे महानगर आफैले तारबार लगाउने बताए। पोखरा महानगर अहिले पोखरा भित्रको सार्वजनिक जग्गा कति छ भनेर खोजी गर्न टाक्स फोर्सु नै बनाएर अघि बढेकाले पोखरा-१५ पनि धेरै सार्वजनिक जग्गा भएको वडा भएकाले त्यस्ता जग्गा बल प्रयोग गर्नु पूर्व छोड्न आग्रह गरे। यस्तै, पोखरा-१५ का वडा अध्यक्ष तोरण बहादुर बानियाँले हिजो निर्वाचनमा कुनै दल विशेषको उम्मेदवार भएपनि निर्वाचित भइसकेपछि अबको ५ वर्ष सबैको साझा जनप्रतिनिधि भएर काम गर्ने अभिलासा लिएको बताए। उनले उमेरका हिसाबले आफूहरु सानो भएको भन्दै यस वडालाई नेतृत्व गर्ने हिजोका अग्रजहरू धेरै अनुभवी, बुद्धिजीवी र धेरै समय समाज सेवामा बिताएका व्यक्तित्वहरू भएकाले काम गर्ने क्रममा कहीं कतै त्रुटि भए सुझाव तथा मार्ग निर्देशन गर्न आग्रह गरे। उनले अग्रजहरूबाट पाएको सुझावलाई मनन गर्दै हाम्रो वडा, राम्रो वडा, समुन्नत नागरिकहरू बसेको वडा र सबैले अपनत्व गर्ने स्थानीय सरकारको अनुभूति गर्ने वडा बनाउन चाहेको बताए।

अध्यक्ष बानियाँले पूर्वाधारलाई मात्र अगाडि बढाएर मानवीय विकास नहुने भन्दै गरिबको झुपडीमा आर्थिक अभावले गर्दा कुनै बच्चा शिक्षाको उज्यालो घामबाट वञ्चित भयो अथवा दैनिक मजदुर गरेर खाने कोही गरिब बिरामी हुँदा औषधी उपचार गर्ने पैसा पाएन भने उसले स्थानीय सरकारको अनुभूति गर्न नसक्ने बताए। उनले नागरिक स्वस्थ भए भने मात्र समाज राम्रो हुने र समाजका लागि योगदान दिन सक्ने भन्दै अहिलेको बजेटमा शिक्षा, स्वास्थ्य, युवा स्वरोजगार तथा महिला सशक्तीकरण र तालिमका विषयलाई प्राथमिकता दिइएको दाबी गरे। बानियाँले यसै वर्ष वडामा रहेका विपन्न तथा मजदुर ५० जना बढीलाई निःशुल्क औषधी उपचार र स्वास्थ्य बिमाका लागि बजेट छुटाइएको र वडा नं -१५ मा आर्थिक अभावका कारण विद्यालय जान नपाइरहेकालाई वडाको सम्पर्कमा ल्याउन आग्रह गर्दै त्यस्ता विद्यार्थीका लागि १० कक्षा सम्म निःशुल्क पढाउने ग्यारेन्टी गरे। उनले पोखरा महानगरबाट झन्डै ११ करोड र प्रदेश सरकारबाट पनि २ करोड बढी बजेट प्राप्त भएको भन्दै यसपालिको बजेटमा समयाभावका कारण वडावासीसँग छलफल गर्न नपाएपनि आगामी बजेटमा प्रत्येक टोल र संघ सँस्थाहरु सँग बसेर छलफल गरेर र आवश्यकताको पहिचान गरेर बजेट निर्माण गर्ने बताए।

कार्यक्रममा कार्यपालिका सदस्य मन्दिरा परियारले अबको ५ वर्ष कुनै दल र पार्टी नभनी स्वतन्त्र पूर्वक समाज निर्माणका लागि अगाडि बताइन्। यस्तै, सहरी स्वास्थ्य प्रमुख कृष्ण बास्तोलाले वडावासीलाई स्वास्थ्य केन्द्रबाट उपलब्ध सेवाको लाभ लिन आग्रह गरे। उनले केन्द्रबाट परिवार नियोजन, खोप, ओपिडी, ड्रेसिङ, लगायतका सेवा दिने जानकारी दिए। कार्यक्रममा वडाका पूर्व अध्यक्षहरू, राजनीतिक व्यक्तित्व, सुरक्षा निकायका प्रमुख, समाजसेवी, शिक्षक तथा टोल विकास समिति लगायत आमा समूहका प्रतिनिधिको उपस्थिति रहेको थियो।

# वडा अध्यक्ष क्षेत्रीद्वारा विद्यालयललाई सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १३ असोज

स्याङ्जाको फेदीखोला गाउँपालिका वडा नम्वर १ का वडाध्यक्ष अमृत क्षेत्रीले आफ्नो तलव भत्ता वापतको आंशिक रकम एक विद्यालयललाई सहयोग गरेका छन्।



क्षेत्रीले एक कार्यक्रमकाविच स्याङ्जाको फेदीखोला १ स्थित पर्सेभाटीमा अवस्थित शिवालय आधारभुत विद्यालयलाई ३२ हजार रुपैयाँ प्रदान गरेका हुन्। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शिव प्रसाद पराजुली, निमित्त प्रध्यानाध्यापक शान्तदेवी न्यौपानेलाई रकम हस्तान्त्रण गरे। स्थानिय निर्वाचन ताका आफू निर्वाचित भएपछि प्राप्त हुने सेवा सुविधाको रकमबाट विद्यालयमा निजी स्रोतका एक जना शिक्षकको तलव भत्ता बराबरको एक लाख ४ हजार विद्यालयलाई प्रदान गर्ने घोषणा गरेका थिए। उनले विद्यालयलाई बाँकी रकम क्रमश उपलब्ध गराउँदै जानेपनि सो क्रममा प्रतिवद्धता व्यक्त गरे। कक्षा ८ सम्म पठनपाठन हुँदै आएको विद्यालयमा शिक्षक कर्मचारी १४ जना रहेका छन्। जसमा ४ जना शिक्षक, बाल शिक्षिका र एक जना कार्यालय सहयोगी सरकारी दरबन्दीका हुन भने बाँकी ९ जना निजी स्रोतबाट तलबभत्ताको व्यवस्थापन हुँदै आएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पराजुलीले जानकारी दिए। उनले भने, 'हामीले निकैनै कठिन हिसावले विद्यालय सञ्चालन गरिरहेका छौं। निजी स्रोतबाट शिक्षक र बस ड्राइभर गरि ९ जनालाई चन्दा उठाएर तलब खुवाएका छौं। जसमा केही सहयोग गाउँपालिका र वडा कार्यालयले गरेका छन्।' १९४ जना अध्ययनरत विद्यालयले आगामी शैक्षिकसत्रदेखि कक्षा ९ र १० सम्म कक्षा सञ्चालन गर्ने तयारी गरिरहेको उनले जानकारी दिए।

# बाख्रापालनबाट मनग्य आम्दानी गर्दै पौडेल

पोखरापत्र संवाददाता
वालिङ, १३ असोज

स्याङ्जाको वालिङ-१४ उपल्लो पेखुका मेघनाथ पौडेलले बाख्रापालनबाट मनग्य आम्दानी गर्दै आउनुभएको छ।

विसं २०५९ मा पौडेलले एउटा माउ बाख्रा पालेर सुरु गर्नुभए पनि तीन वर्षपछि २०६२ सालदेखि व्यावसायिकरुपमा बाख्रापालन थाल्नुभएको हो। विसं २०६२ मा 'मेघनाथ बाख्रा प्रजनन तथा नश्ल सुधार उद्योग' संस्था दर्ता गरी बाख्राको मासुभन्दा पनि बीउका लागि काम गर्दै आउनुभएको हो। पौडेलले अहिले शुद्ध बोयर जातको बाख्राको बोका र पाठी बिक्री गरी मनग्य आम्दानी गर्दै आउनुभएको छ। "मैले मासुलाई भन्दा बीउका लागि बोयर जातको शुद्ध बोका र पाठी बिक्री गर्दै आएको छु", उहाँले भन्नुभयो। बाख्रापालनबाट वार्षिकरुपमा सबै खर्च कटाएर रु १२ लाख आम्दानी हुँदै आएको पौडेल बताउनुहुन्छ। यहाँ उत्पादन भएको शुद्ध बोयर जातको बोका तथा पाठीको माग देशका विभिन्न जिल्लाबाट आउने गरेको छ। "यहाँ उत्पादन भएका बोयर जातको बोका तथा पाठीलाई बीउका रुपमा देशका विभिन्न जिल्लाबाट माग हुने गरेको छ", उहाँले भन्नुभयो, "उत्पादन गर्नसके बजारको कुनै समस्या छैन, मागअनुसार उत्पादन गर्न सकिएको छैन।" बाख्रापालनका लागि आवश्यक घाँस उहाँले ६५-७० रोपनी क्षेत्रफलमा लगाउनुभएको छ। उन्नत र आधुनिक भुईं तथा डाले घाँस प्रशस्तै छ। जिल्ला पशुसेवा कार्यालयबाट पटक/पटक अनुदानसहित नमूना फर्मका रुपमा समेत उहाँ पुरस्कृत भइसक्नुभएको छ। "बाख्रापालन गर्नुपूर्व पाँच वर्ष शिक्षण पेसा र २० महिना विदेशमा रोजगारी गरें", पौडेलले भन्नुभयो, "म ती दुवै कामबाट सन्तुष्ट भइन् र गाईं, भैंसी, कुखुरा पाल्ने सोच बनाएँ तर गाउँको भूगोलअनुसार सम्भव नदेखेपछि बाख्रापालनलाई व्यावसायिकरुपमा अगाडि बढाएको हुँ।"

बाख्रापालन नै पौडेलको परिवारको मुख्य आम्दानीको स्रोत हो। बाख्रापालनबाट प्राप्त भएको आम्दानीले उहाँले बजारमा घरजग्गा जोड्नुभएको छ। छोराहरूलाई उच्च शिक्षा तथा घर खर्च पनि यही व्यवसायबाट चलाउँदै आउनुभएको छ।

लामो समय बाख्रापालनमै बितेकाले पनि सामान्य समस्या आउँदा पौडेल आफैं औषधि उपचार गर्नुहुन्छ। जटिल उपचारका लागि वालिङ नगरपालिका तथा एग्रोभेटबाट पशु प्राविधिकको सहयोग लिने गरेको उहाँ बताउनुहुन्छ।

# आधुनिकताले हराउन थाल्यो रातोमाटो र कमेरोले घर पोत्ने प्रचलन

-डम्बर बुढामगर
ढोरपाटन, १३ असोज

बागलुङका निसीखोला गाउँपालिका-४ की फुर्सी विकलाई दसैंको घटस्थापनाको दिनसम्म रातोमाटो र कमेरो गाउँलेका घर-घरमा पुऱ्याउन भ्याइनभ्याइ हुन्थ्यो। उहाँले माटो गाउँलेका घरमा पुऱ्याइदिएवापत दसैं खर्च पाउनुहुन्थ्यो तर दुई वर्षयता उहाँलाई दसैं खर्च जोहो गर्न मुस्किल भइरहेको छ। गाउँमा खर र ढुङ्गेघर विस्थापित हुँदै गएपछि स्थानीयवासीले रातोमाटो र सेतो कमेरोले घर पोत्न छोडिसके।



घर माटोले पोत्ने प्रचलन घट्दै गएपछि माटो बेचेर जीविका चलाउँदै आउनुभएकी विक अहिले पेशा परिवर्तन गर्ने सोचमा हुनुहुन्छ। "मैले माटो बेचेर खर्च चलाउँदै आएको १७ वर्ष भयो, दुई वर्षदेखि माटो बिक्री हुनै छाड्यो, १५-२० बोरा बेच्यो भने पाँच सय आम्दानी हुन्छ, धेरै मान्छेले माटोले घर लिप्नै (पोत्न) छाडिसके, अब माटो बेचेर ज्यान पाल्न गाह्रो छ, अरु नै पेशा गर्नुपर्ने भयो," उहाँले भन्नुभयो।

दसैं-तिहारबाहेक अरु बेला पनि गाउँलेका घरमा माटो पुऱ्याउने गर्नुभएकामा अहिले वर्षमा दुई सय बोरा पनि बेच्न गाह्रो परेको गुनासो गर्दै उहाँले आफूले दसैंका बेलामा मात्रै पाँच सयदेखि आठ सय बोरा बाटो गाउँलेका घरमा पुऱ्याउने गरेको र अहिले एक सय बोरा पनि बिक्री हुन छाडेको बताउनुभयो।

"मैले दसैंमा मात्रै माटो बेचेर रु १५हाजर देखि २० हजारसम्म आम्दानी गर्थें, अहिले वर्षभरिमा पनि रु १५ हजार कमाई हुँदैन, गाउँभरि टिन (जस्तापाता) र सिमेन्टबाट घर बन्न थाले, मान्छेहरूले मेरो माटो के किन्थे", विकले भन्नुभयो, "पहिले-पहिले रातोमाटो र सेतो कमेरोले घर पोत्दा गाउँ नै निकै राम्रो देखिन्थे, अहिले बजारबाट आउने रंगले कमेरो र रातोमाटो प्रयोग हुनै छोड्यो।" गाउँमा परम्परागत ढुङ्गा, काठ र माटोले बनेका घर विस्थापित हुन थालेपछि माटोले घर पोत्ने प्रचलन हराउँदै गएको निसीखोला-२ की फूलमाया कुँवरले बताउनुभयो। "गाउँले घरआँगन लितपोत गर्न थाले भने दसैं आएको आभाष हुन्थ्यो, घर लिपेर चोख्याएपछि घटस्थापनाका दिनमा जमरा राख्ने गरिन्थ्यो, अहिले त बजारबाट रङ किनेर ल्याएर लगाउँछन्, माटो कमेरोको प्रयोग हुनै छोड्यो", उहाँले भन्नुभयो। कुँवरले आधुनिकताले परम्परालाई विस्थापित गर्न थालेको भन्दै अहिले दसैंको रौनक पनि हराउँदै जान थालेको गुनासो गर्नुभयो। माटो र कमेरो गाउँले जनजीवनसँग जोडिएको थियो भन्दै देखासिकी र प्रविधिको विकासले परम्परा जोगाउन नसकिने अवस्थामा पुगेको गुनासो गर्नुभयो। उहाँले भन्नुभयो, "माटो र कमेरो त हामी गाउँलेहरूको जनजीवन र पहिचानसँग जोडिएको थियो, पहिले-पहिले गाउँका सबै घर रातोमाटो र सेतो कमेरोले पोतिएका हुन्थे, टाढाबाट देख्दा पनि गाउँले परिवेश झल्किन्थ्यो, आधुनिकताले सबै मेटाउन थाल्यो, पछिल्लो पुस्ताले त झन् देख्नै पाउने छैनन्।"

केही वर्ष अगाडिसम्म निसीखोला गाउँपालिका-४ को बडाचौरमा रातोमाटो ल्याउन आउनेको निकै भिड लाग्ने गर्थ्यो तर पछिल्लो दुई वर्षदेखि निकै कम भएको स्थानीय बलबहादुर खत्रीले बताउनुभयो। पछिल्लो समय गाउँमा ढुङ्गे घरमासमेत कृतिम रङ लगाउन थालेपछि माटो र कमेरोको प्रयोग कम हुँदै गएको उहाँको भनाइ थियो। "यो ठाउँमा माटो ल्याउन आउनेको ठूलो भीड लाग्थ्यो, दसैंको बेलामा त झन् पालो गरेर माटो लैजानुपर्ने अवस्था थियो तर अहिले मान्छेहरू आउनै छाडे", खत्रीले पुरानो माटो निकालिएको ठाउँ सिकाउँदै भन्नुभयो, "यहाँबाट सयौं बोरा माटो निकालेर टाढा-टाढा पुऱ्याउँथे, यो गाउँका मात्रै होइन, धेरै गाउँबाट मान्छेहरू माटो ल्याउन यहाँ आउने गर्थे।" अहिले गाउँमा खर र ढुङ्गाका घर विस्तारै हराउँदै गएको भन्दै सिमेन्ट र जस्तापाताले बनेका घर बढिरहेको उहाँको भनाइ थियो। पहिले विद्यालयका भवन पनि माटो र काठेले बनेको हुँदा दसैंका बेला माटो र कमेरोले लिप्ने गरेको खत्रीले स्मरण गर्नुभयो।

"यो गाउँमा आधा दशक अगाडिसम्म पूरै घर ढुङ्गा, काठ र माटोले बनेका थिए, कति घर खरले पनि छाएका थिए, अहिले खरको घर त देख्नसमेत पाइँदैन, विद्यालय पनि ढुङ्गा माटोले बनेका थिए, दसैंका बेला विद्यार्थीले रातोमाटो र कमेरोले लिप्ने गर्थे, अहिले विद्यालय पनि सिमेन्टले बने, सिमेटले बनेका घरमा रातो माटोले लिप्ने कुरा भएन", उहाँले भन्नुभयो, "अहिलेसम्म त केहीले माटोले घर पोत्दै आएका छन्, अबको दुई/चार वर्षमा गाउँमा कोहीले पनि माटो र कमेरो प्रयोग गर्ने छैनन्।" बागलुङका १० वटै स्थानीय तह खरको छानो मुक्त पालिका अभियानमा जुटेका छन्। सो अभियानअनुसार गाउँमा भएका पुराना खरका छाना हटाएर जस्तापाताले छाउन थालेका छन्। जिल्लाको बागलुङ नगरपालिका, गलकोट नगरपालिकालगायत पालिकामा अहिले खरका घर पूर्णरूपमा विस्थापित भएका छन्।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१